# आँधीखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## आर्थिक ऐन २०७७

गाउँसभाबाट पारित मिति: २०७७।०३।१०

आँधिखोला गाउँपालिका

कृषि, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

<u>प्रस्तावना</u>

आँधीखोला गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा राजस्व संकलनको कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकारको प्रयोग गरि आँधीखोला गाउपालिकाको सातौं गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"आँधीखोला गाउँपालिका आर्थिक ऐन २०७७"** रहेको छ ।

(२) यो ऐन २०७७ श्रावण १ गते देखि आँधीखोला गाउँपालिका क्षेत्रमा लाग ु हुनेछ ।

२. **मालपोत तथा भूमिकर** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम मालपोत तथा भूमिकर लगाइने र असुल उपर गरिने छ ।

३. **सम्पति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम सम्पति कर लगाइने र असुल उपर गरिने छ ।

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिने छ ।

५. **व्यवसाय दर्ता तथा नविकरण शुल्क :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय दर्ता तथा नविकरण शुल्क लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सडक संरक्षण तथा मर्मत सम्भार शुल्क** गाउँपालिका क्षेत्रभित्रका सडकहरुको संरक्षण तथा मर्मत संम्भारको लागी सवारी साधनमा अनुसूचि ६ बमोजिम सडकहरुको संरक्षण तथा मर्मत संम्भार शुल्क लगाइने र असुलउपर गरिनेछ । सवारी साधन करको हकमा प्रदेश कानुन बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम मनोरन्जन व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि ९ मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः**गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा (स्थानीय तहको भु– सेवाकेन्द्रले पब्लिक एक्सेस मोडुलसमेतको) सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **घर नक्सा पास शुल्क :** आँधीखोला गाउँपालिका क्षेत्र भित्र निर्माण हुने घरहरुको नक्सा पास गर्दा अनुसूची १४ बमोजिमको घर नक्सा पास शुल्क लिइनेछ ।

१५. **कर तथा शुल्क छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर तथा शुल्क छुट दिईने छैन तर महामारी, प्राकृतिक प्रकोप लगायतका विषम परिस्थिति उत्पन्न भै कुनै प्रकारको कर तथा शुल्क संकलनमा प्रत्यक्ष असर पु-र्याएमा गाउँसभाबाट निर्णय गराई त्यस्तो कर तथा शुल्कलाई छूट तथा मिन्हा गर्न सकिनेछ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी नियम र कार्यविधी बनाउन सक्नेः** यो ऐनमा भएको व्यवस्थालाई लाई कार्यान्वयन गर्नको लागी गाउँ कार्यपालिकाले आवश्यक नियम र कार्यविधि बनाउन सक्नेछ।

१७. **बाधा अड्काउ फुकाउँः** यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आईपरेमा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

# अनुसूची -१

(ऐनको दफा २ सँग सम्बन्धित)

आँधीखोला गाउँपालिका भित्र देहायका सडक खण्डसँग जोडिएका जग्गाहरुको देहाय बमोजिमका मूल्यको आधारमा मालपोत तथा भूमिकर कर लगाईने छ ।

**(क) नागडाँडा– कार्कीनेटा सडक खण्ड (प्रति रोपनी रु.)**

| | |
|---|---|
| ➢ सेतिखोलाको पुलको मुखदेखि एकरायसम्म | १५,८४,०००।– |
| ➢ एकरायदेखि रंगेठाटीको हराभरा सहकारीसम्म | १३,२०,०००।– |
| ➢ रंगेठाटीको हराभरा सहकारीदेखि निस्तीखोला प्रगतिडाँडासम्म | १५,८४,०००।– |
| ➢ बेत्यानीदेखि रंगुवाखोलासम्म | १५,८४,०००।– |
| ➢ लौसीखोलादेखि अर्घादीखोलासम्म | १५,८४,०००।– |
| ➢ काफलबोट खोलादेखि छहरेखोलासम्म | १३,२०,०००।– |
| ➢ पेटकटेरीदेखि रातमाटासम्म | ९,२४,०००।– |
| ➢ रातमाटादेखि हिलेसम्म | ५,२८,०००।– |

**(ख) पुतलीखेत– कार्किनेटा– कुश्मा सडक खण्ड (प्रति रोपनी रु.)**

| | |
|---|---|
| ➢ चिसाखोलादेखि मार्सेखोलासम्म | १३,२०,०००।– |
| ➢ मार्सेखोलादेखि डाम्डिहीसम्म | ९,२४,०००।– |
| ➢ डाम्डिहीदेखि भालुमारे खोला (वडा न. २) | ५,२८,०००।– |
| ➢ भालुमारेदेखि देउराली डाँडासम्म | १३,२०,०००।– |
| ➢ पोखराचौरदेखि फन्डाँडासम्म | ५,२८,०००।– |

**(ग)सेतिदोभान– निबुवाबोट– भुद्रमपोला– पञ्चमुल सडक (प्रति रोपनी रु)**

| | |
|---|---|
| ➢ ढाँडिखेत(पक्कीपुलको मुख)देखि चिसापानीको पुलको मुखसम्म | १५,८४,०००।– |
| ➢ चिसापानीको पुलको मुखदेखि गौरीशंकर चोकसम्म | ३,९६,०००।– |
| ➢ भगवतीचोक देखि बुढीको चौतारासम्म | ३,९६,०००।– |
| ➢ बुढीको चौतारादेखि भुद्रमपोलाको भन्ज्याँङसम्म | ५,२८,०००।– |
| ➢ बेजाङ्ग सडक खण्ड | ३,९६,०००।– |
| ➢ खड्ककटेरीडाँडा देखि हिलेसम्म | ३,९६,०००।– |
| ➢ हिलेदेखि पिरपिरेखोलासम्म | २,६४,०००।– |
| ➢ पिरपिरे खोलादेखि मुलसम्म | ३,९६,०००।– |
| ➢ मुलदेखि भुमीथानसम्म | ३,९६,०००।– |
| ➢ भूमीथान देखि सिरुबारी धारु बजारसम्म | १३,२०,०००।– |
| ➢ धारुबजार देखि कुर्ले बजारसम्म | ४,२०,०००।– |
| ➢ कुर्लेदेखि बजानीबजारसम्म | ४,००,०००।– |

(घ) हेलु– अर्जुनचौपारी– सिरुबारी सडक (प्रति रोपनी रु)

- पाङग्राको झ्याङदेखि भातपोखरी अघौंदी सम्म १,३२,०००।–
- समिको रुखदेखि राम्चेजिरो सम्म १,३२,०००।–
- राम्चेदेखि पूर्ण गाउँसम्म १,३२,०००।–
- ज्याम्चेदेखि सिरुवारी गाउँसम्म ३,९६,००००।–

(ङ) खड्केटारी – पञ्चासे सडक खण्ड (प्रति रोपनी रु)

- नाम्दीखोला देखि चरिपानीखोलासम्म ५,२८,०००।–
- चरिपानीखोला देखि टुनीखोलासम्म १०,५६,०००।–

(च) सेपत– पञ्चासे सडक (प्रति रोपनी)

- सेपत जिरोदेखि पात्लासम्म ७,९२,०००।–
- पात्लादेखि देवीस्थानसम्म ३,९६,०००।–
- देउरालीदेखि ह्याङसेदी (श्रवणकुमार)सम्म १०,५६,०००।–
- ह्याङसेदी (श्रवणकुमार)देखि भञ्ज्यांङसम्म ३,९६,०००।–

(छ) फुलबारी– आर्थर सडक (प्रति रोपनी)

- फुलबारी देखि फुँवासे जोड्ने बाटो सम्म ३,९६,०००।–
- फुँवासे जोड्ने बाटो देखि ढोली डाँडासम्म १०,५६,०००।–

(ज) सहिदमार्ग (प्रति रोपनी रु)

- जिरो देखि बि.पि. स्मृती प्रा.वि सम्म ३,९६,०००।–
- बि.पी स्मृतिप्रा.वि देखि पोखरीसम्म ५,२८,०००।–
- पोखरीदेखि वडा कार्यालय सम्म २,६४,०००।–
- वडा कार्यालय देखि नुनथलाहुँदैहिले सम्म ७,९२,०००।–
- कमेरेपानी देखि भयरको थान सम्म ३,९६,०००।–
- भयरको थान देखि जुम्लीडानासम्म २,६४,०००।–

(झ) भैरव कुण्ड– ओइया– सम्दीखोला सडक (प्रति रोपनी रु)

- भैरव कुण्डदेखि काफलटारीसम्म ८,५६,०००।–
- घलेको घर देखि माताको गुफासम्म ६,६०,०००।–

(ञ) कालीखोला– पोखराचौर सडक (प्रति रोपनी रु)

- कालीखोलादेखि स्याले खोल्सासम्म ६,६०,०००।–
- उपल्लो स्यालेखोल्सादेखि टारीसम्म (टापु) ६,६०,०००।–

(ट) जिरो– चिलाउनेभाटी सडक (प्रति रोपनी रु)

- आँधीखोलाको पुलदेखि कालीखोलाको पुलसम्म १३,२०,०००।–
- कालीखोलाको पुलदेखि कुलायन मन्दिरसम्म ३,९६,०००।–
- कुलायनको मन्दिर देखि थुमको खोलासम्म ५,२८,०००।–
- हर्जामुनीदेखि तिलीमसम्म ३,९६,०००।–

(ठ) सेतिदोभान– चण्डीकालीका सडक (प्रति रोपनी रु)

- चिसापानीको पुलको मुखदेखि ठाँटीसम्म १०,५६,०००।–
- ठाँटीदेखि भञ्यांङसम्म ५,२८,०००।–

(ड) ढाँव– बरपिप्ले सडक (प्रति रोपनी रु)

- ढाँवदेखि वरपिप्लेसम्म ६,६००००।–

(ढ) भञ्याङ – आर्थर सडक (प्रति रोपनी रु)

- भञ्याङदेखि आर्थरसम्म ६,६००००।–

(ण) मान्छेको टाउको– बैडा सडक (प्रति रोपनी रु)

- दहदेखि बैडासम्म ५,२८,०००।–

(त) कृषिपुलको मुख सडक (प्रति रोपनी रु)

- कृषि देखि कृषि पुलको मुख सम्म १५,८४,०००।–

(थ) सेतिदोभान– ठुली बराय सडक (प्रति रोपनी रु)

- सेतिदोभानको बरको रुखदेखि ठुलीबराय करौदीसम्म १०,५६,०००।–

(द) सेतिदोभान– सिम्खेत छापा सडक (प्रति रोपनी रु)

- बरायखोलादेखि छापासम्म १०,५६,०००।–

(ध) चिलाउनेभाटी– मडुवा सडक (प्रति रोपनी रु)

- जरेखोलादेखि नैकुडाँडासम्म ५,२८,०००।–
- नैकुडाँडादेखि भण्डार थुम्कासम्म ८,००,०००।–

(न) जाबीखोला ओइया सडक ( प्रति रोपनी रु )

- जाबीखोलादेखि सम्धीखोलासम्म १०,५६०००।–

माथि उल्लेखित बाहेकका जग्गाहरूको मूल्य निर्धारण मालपोत कार्यालय स्याङजाबाट प्रत्येक वर्ष रजिस्ट्रेसन प्रयोजानार्थ निर्धारित मूल्यमा ३० प्रतिशत मूल्य थप गरी मुल्यांकन गरिनेछ ।

### कर योग्य भूमिको वार्षिक करको दर

| क्र.सं. | भूमिकर योग्य जग्गाको मूल्य | वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | रु ५ लाख सम्मको | एक मुस्ट रु ५०।– | |
| २ | रु ५ लाख देखि ५०लाख रूपैया सम्म | प्रति लाख थप रु २०।– | |
| ३ | रु५१ लाख देखि १करोड रूपैया सम्म | प्रति लाख थप रु २५।– | |
| ४ | रु१ करोड१ लाख देखि२करोड सम्म | प्रति लाख थप रु ३०।– | |
| ५ | रु २ करोड१ लाख देखि ३ करोड सम्म | प्रति लाख थप रु ३५।– | |
| ६ | ३ करोड देखि माथि | प्रति लाख थप रु ४५।– | |

## अनुसूची -२

(ऐनको दफा ३ सँग सम्बन्धित)

आँधीखोला गाउँपालिका भित्र बनेका घर र घरले चर्चेको जग्गामा सम्पति कर लगाइने छ । घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा समेत सम्झनु पर्छ ।भौतिक संरचनाको मूल्य तपसिल बमोजिम मूल्य निर्धारण गरी जग्गाको हकमा अनुसूची १ मा उल्लेखित सड्कसँग जोडिएका र नजोडिएका जग्गाको मूल्य बमोजिम निर्धारण गरिनेछ।

तपसिल:

| क्र.सं. | संरचनाको प्रकार | प्रतिवर्ग फिट मूल्य (रु.) | कैफियत |
|---|---|---|---|
| १ | आर. सि. सि पक्की घर | ८००। | |
| २ | ब्लक, सिमेन्ट, जोडाइ जस्ता वा ढुङ्गाको छाना भएको घर | ५००। | |
| ३ | ढुङ्गा माटो जोडाइ भएको ढुङ्गा जस्ता, खर को छाना भएको | ३००। | |

ह्रास कट्टी तर्फः

आँधीखोला गाउँपालिका भित्रका तपसिल बमोजिमका भौतिक संरचनाको ह्रास कट्टी तपसिल बमोजिम गरिनेछ ।

| क्र.सं. | संरचनाको प्रकार | ह्रास कट्टी प्रतिवर्ष | ह्रास कट्टि अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | आर. सि. सि पक्की घर | १ प्रतिशत | ३० वर्ष | |
| २ | ब्लक, सिमेन्ट, जोडाइ जस्ता वा ढुङ्गाको छाना भएको घर | २ प्रतिशत | २० वर्ष | |
| ३ | ढुङ्गा माटो जोडाइ भएको ढुङ्गा जस्ता,खर को छाना भएको | ३ प्रतिशत | १५ वर्ष | |

**कर योग्य सम्पतिको वार्षिक करको दर:**

| क्र.सं. | कर योग्य एकीकृत सम्पत्तिको मूल्य | वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | रु ५ लाख सम्मको | एक मुस्ट रु ५०।– | |
| २ | रु ५लाख देखि ५० लाख रूपैया सम्म | प्रति लाख रु २०।– | |
| ३ | रु ५१लाख देखि १ करोड रूपैया सम्म | प्रति लाख रु २५।– | |
| ४ | रु १ करोड १ लाख देखि २ करोड सम्म | प्रति लाख रु ३०।– | |
| ५ | रु २ करोड १ लाख देखि ३ करोड सम्म | प्रति लाख रु ३५।– | |
| ६ | रु ३ करोड १ लाख देखि माथि ५ करोड सम्म | प्रति लाख रु ४५।– | |
| ७ | रु ५ करोड भन्दा माथि | प्रति लाख रु ५०।– | |

नोट:मुल्यांकन रकमलाइ रु लाखमा परिणत गरि करको दर निर्धारण हुनेछ ।

## अनुसूची -३

(ऐनको दफा ४ सँग सम्वन्धित)

गाउँपालिकाबाट लिईने घर जग्गा बहाल करको दर (प्रति रोपनी रु):

| क्र.सं. | विवरण | वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | आँधीखोला गाउँपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड(छ्प्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्वन्धित धनीबाट बहाल रकमको | १०% | |
| २ | आँधीखोला गाउँपालिका क्षेत्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफूट मासिक बहाल विटौरी कर | २।– | |

## अनुसूची -४

(ऐनको दफा ५ सँग सम्वन्धित)

गाउँपालिकाबाट लिईने व्यवसाय दर्ता तथा नविकरण शुल्कको बार्षिक दर रु:

| क्र.सं. | व्यवसायको विवरण | आ.ब. २०७७।७८ का लागि करको श्रेणी | |
|---|---|---|---|
| | | भ्याट/प्यान मा दर्ता भएको दर (रु.) | भ्याट/प्यान मा दर्ता नभएकोदर (रु.) |
| १) | **पर्यटन उद्योग** | | |

| | | | |
|---|---|---|---|
| १.१ | होमस्टे | ५५० | ३२० |
| १.२ | होटल,लज एवं साधारण होटल | १६५० | ५५० |
| १.३ | रेष्टूरेन्ट (मःम, तास,सेकूवा आदि) | ११०० | ३३० |
| १.४ | मदिरा पसल | ११०० | ११०० |
| २) | **व्यापारिक वस्तू** | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खूद्रा | ११०० | ५५० |
| २.२ | कपडा पसल (थोक एवं खूद्रा) | ११०० | ५५० |
| २.३ | आयल पम्प | ५५०० | ५५०० |
| २.४ | विद्युत सामान तथा विद्युतीय सामग्री टि.भी., घडी रेडियो बिक्री | ११०० | ५५० |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो,साईकलमर्मत कारखाना तथा टायर मर्मत केन्द्र | ११०० | ५५० |
| २.६ | निर्माण सामाग्री | २२०० | १६५० |
| २.७ | सूनचांदी पसल (ज्वेलेरी) | २७५० | २२०० |
| २.८ | फेन्सी पसल | ११०० | ५५० |
| २.९ | उनी धागो पसल | ५५० | ३३० |
| २.१० | जूत्ता चप्पल पसल | ८८० | ३३० |
| २.११ | सपिङ सेन्टर | २७५० | २२०० |
| ३) | **अन्य सेवा** | | |
| ३.१ | विविध श्रृङगार पसल (थोक/खुद्रा) | ८८० | ५५० |
| ३.२ | कुखुरा फर्म दर्ता शुल्क | ३३० | ५५० |
| ३.३ | फर्नीचर पसल | २२०० | १६५० |
| ३.३ | भांडा र गिफ्ट पसल(थोक/खूद्रा) | ११०० | ५५० |
| ३.४ | केवूल, नेटवर्किङ | ५५०० | ५५०० |
| ३.५ | पूलवोर्ड (प्रति वोर्डरु.) | ५५०० | ५५०० |
| ३.६ | भिडियो गेम | ३३०० | ३३०० |
| ३.७ | पूस्तक तथा पत्रिका पसल | ७७० | ५५० |
| ३.८ | नर्सरी र फलफुलका विरुवा बिक्रीवितरण | ४४० | २२० |
| ३.९ | सस्थागत पेन्टर | ५५० | ५५० |
| ३.१० | तरकारी पसल | ३३० | ११० |
| ३.११ | वीज भण्डार | ५५० | ११० |

| | | | |
|---|---|---|---|
| ३.१२ | मासू पसल | ११०० | ५५० |
| ३.१३ | कपडा सिलाई | ५५० | २२० |
| ३.१४ | हेयर कटिङ | ५५० | २२० |
| ३.१५ | आर्ट | ५५० | ५५० |
| ३.१६ | फोटो स्टूडियो | ११०० | ५५० |
| ३.१७ | रंगरोगन पसल | १६५० | ११०० |
| ३.१८ | चश्मा पसल | ५५० | ३३० |
| ४) | मर्मत संभार | | |
| ४.१ | रेडियो टि.भि घडी, प्रेशर कुकर, हिटर टेलीफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | ८८० | २२० |
| ४.२ | हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | ११०० | ५५० |
| ५) | **सेवा उद्योग** | | |
| ५.१ | ड्राइभिङ इन्स्टिच्युट | ८८० | ११०० |
| ५.२ | चलचित्र मन्दिर | ११०० | ११०० |
| ५.३ | ल्याब तथा फोटोग्राफी | ११०० | ५५० |
| ५.४ | छापाखाना | ११०० | ११०० |
| ६) | वन पैदावार तथा वनजन्य उद्योग | | |
| ६.१ | वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | ३३०० | ३३०० |
| ७) | उर्जामुलक | | |
| ७.१ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | ११०० | ५५० |
| ८) | **उत्पादन मुलक उद्योग** | | |
| ८.१ | पाउरोटी भण्डार | ८८० | ५५० |
| ८.२ | मिल | ५५० | ३३० |
| ८.३ | आइसक्रिम उद्योग तथा पसल | ५५० | ३३० |
| ९) | **वित्तीय सेवा** | | |
| ९.१ | वचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्था | १६५० | १६५० |
| ९.२ | उत्पादन मुलम सहकारी संस्था | ५५० | ५५० |

| | | | |
|---|---|---|---|
| ९.३ | रेमिटेन्स सेवा | २२०० | २२०० |
| ९.४ | बैक | ५५०० | ५५०० |
| १०) | **स्वास्थ्य सेवा** | | |
| १०.१ | निजी तथा गैरसरकारी अस्पताल | १६५० | ११०० |
| १०.२ | नर्सिङ होम | १६५० | ११०० |
| १०.३ | क्लिनिक, ल्याव तथा फार्मेसि | १६५० | ११०० |
| १०.४ | दाँत बनाउने पसल | ११०० | ११०० |
| ११) | **शिक्षा सेवा** | | |
| ११.१ | नि.जि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस, मा.वि. र आधारभूत | ४४००,३३००, २२००,११०० | |
| ११.२ | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ११०० | ११०० |
| ११.३ | सिलाई, बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | ५५० | ३३० |
| ११.४ | टेक्निकल इन्स्टिच्युट | ११०० | ११०० |
| ११.५ | गैर सरकारी संस्था संचालन | ११०० | ११०० |
| १२) | **निर्माण व्यवसायी गाँउपालिकामा प्रधान कार्यालय भएको घ वर्गको निर्माण व्यवसायी अनुमति वार्षिक नवीकरण** | ७५०० | |
| १२.१ | घ वर्गको निर्माण व्यवसायी अनुमति पत्र | २०,०००।- | |
| १२.२ | रासायनिक मल विक्रेताको अनुमति पत्र | ५५०।- | |
| १२.३ | रासायनिक मल विक्रेताको अनुमति नवीकरण | ४४०।- | |
| १३) | **संचार सेवा** | | |
| १३.१ | निजी क्षेत्रका कुरिएर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन | ५५० | २२० |
| १४) | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा** | | |
| १४.१ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक,कविराज) | ५५० | ३३० |
| १४.२ | ल फर्म | | ३०० |
| १४.३ | कन्सल्टेन्सी फर्म(इन्जीनियर ओ.) | ५५०० | ५५०० |
| १४.४ | ज्योतिष | ५५० | ५५० |

| | | | |
|---|---|---|---|
| १४.५ | अडिटर फर्म (क ख ग घ) | १६५० | ११०० |
| १५) | **अन्य व्यवसाय** | | |
| १५.१ | कवाडी सामानको थोक विक्रेता | २२०० | ११०० |
| १५.२ | टेण्ट हाउस | ११०० | ११०० |
| १५.३ | लुगा धुने पसल | ५५० | २२० |
| १५.४ | मादल पसल | ३३० | ११० |
| १५.५ | माटोको भाँडा बनाउने | ३३० | ११० |
| १५.६ | मिठाई पसल | ८८० | २२० |
| १६) | **साना उद्योग** | | |
| १६.१ | कटिङ ढुंगा उद्योग | ११०० | ११०० |
| १६.२ | इट्टा भट्टा | ११०० | ५५० |
| १६.३ | ग्रिल उद्योग | १६५० | ११०० |
| १६.४ | अन्य उद्योग | कार्यपालिकाको निर्णयानुसार | |
| १६.५ | क्रसर उद्योग | ११००० | ११००० |
| १६.६ | ब्लक उद्योग | १६५० | ११०० |
| १७ | माथि उल्लेखित व्यवसाय बाहेकको हकमा | कार्यपालिकाको निर्णय अनुसार | |

## अनुसूची - ५

(ऐनको दफा ६ सँग सम्वन्धित)

गाउँपालिकाले लिने जडिबुटी कवाडी र जीवजन्तुको व्यवसायीक कारोवार बापत बार्षिक कर रुः

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | कवाडी सामानको थोक विकेता (बार्षिक) | भ्याटमा दर्ता रु २२०० र भ्याटमा दर्ता नभएको ११००।– | |
| २ | सल्लाको खोटो प्रति के.जी. | रु ५।– | |
| ३. | उन, जडिबुटी, बनकस, कवाडी माल, हाड, सिङ, प्वाँख, छाला आदी । | गाउँ कार्यपालिकाको निर्णयानुसार | |

## अनुसूची -६

(ऐनको दफा ७ सँग सम्बन्धित)

गाउँपालिकाले सडक संरक्षण तथा मर्मत सम्भार शुल्कको वार्षिक दर रुः

| क्र.सं. | विवरण | दर (रु.) | कैफियत |
|---|---|---|---|
| क) | **सवारी कर** | प्रदेश कानुन बमोजिम हुनेछ । | |
| ख) | **सडक संरक्षण तथा मर्मत सम्भार शुल्क** | | |
| १. | ट्रक, ट्रिपर तथा डोजर | २०० | |
| २. | ट्याक्टर | १५० | |
| ३. | निजी तथा भाडाका बस र मिनिबस | १०० | |
| ४. | भ्यान, कार, जीप, टेम्पो, ट्याक्सी | ५० | |
| ग) | **प्राकृतिक साधन उपयोग कर** | प्रदेश कानुन बमोजिम हुनेछ | |

## अनुसूची - ७

(ऐनको दफा ८ सँग सम्बन्धित)

गाउँपालिकाले लिने विज्ञापन करको दरः

| क्र.सं. | विज्ञापन दर | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १. | साइनबोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्ग फूट भन्दा माथि | ८८० | |
| २. | साइनबोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्ग फूट सम्म | ५५० | |
| ३. | तूल ब्यानर एक हप्ताको लागि | ५५ | |
| ४. | तूल ब्यानर एक हप्ता भन्दा बढी | ११० | |

## अनुसूची - ८

(ऐनको दफा ९ सँग सम्वन्धित)

गाउँपलिकाले लिने मनोरञ्जन करको दरः

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, थिएटर, संगीत, मनोरञ्जन प्रदर्शन स्थल,ऐतिहासिक स्थल, पूरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क रकमको (तर ऐतिहासिक, पूरातात्विक र | ५% | |

| | | | |
|---|---|---|---|
| | धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई प्रवेश शुल्क लिइने छैन) | | |
| २ | व्यावसायिक रूपमा संचालन गरिने मेला महोत्सव पर्व जस्ता कार्यक्रममा | ५००० । | |
| २ | व्यावसायिक रूपमा संचालन गरिने मेला महोत्सव पर्व तथा कन्सट, जादु, चटक आदी | १००० ।– | |

## अनुसूची -९

(ऐनको दफा १० सँग सम्वन्धित)

गाउँपालिकाले लिने वहाल विटौरी शुल्कको दरः

| क.सं. | सार्वजनिक जग्गामा बनेका घर, टहरा, घुम्ती, गोदाम वा अन्य कुनै संरचना | दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक स्थानमा वनेका घर सटरहरुको | टेण्डर प्रतिस्पर्धाका आधारमा | |
| २ | घुम्ती व्यवसायीहरुलाई मासिक | १०० | |
| ३ | टहराहरु मासिक | १०० | |
| ४ | गोदामहरु मासिक | १०० | |
| ५ | अन्य संरचनाहरु मासिक | गाउँकार्यपालिकालेतोके बमोजिम | |

## अनुसूची - १०

(ऐनको दफा १२ सँग सम्वन्धित)

गाउँपलिकाले लिने सेवा वा व्यवसाय शुल्कको दरः

आफ्नो क्षेत्रभित्र ट्रेकिङ्, कायाकिङ् , क्यानोइङ् , बञ्जी जम्पिङ् , जिप फ्लायर, ग्लाईडिङ्, व्यालुनिङ्, गल्फकोर्श, प्यारा सेलिङ् र अश्वारोहण आदि सेवा वा व्यवसायमा सेवा वा व्यवसायको प्रकृति हेरी गाउँ कार्यपालिकाको निर्णयानुसार रु १,०००।– देखि ५०,०००।– सम्म ।

# अनुसूची-११

(ऐनको दफा १३ सँग सम्वन्धित)

गाउँकार्यपालिका वा वडाबाट उपलव्ध गराईने प्रमाणित/सिफारिस वापतको सेवा शुल्कको दरः

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| क) | सिफारिस | | |
| १ | नाता प्रमाणित | नेपालीमा २०० र अंग्रजी ५०० (निवेदन सहित) | |
| २ | विदेश जाने सिफारिश | नेपालीमा ५०० र अंग्रजी ७०० | |
| ४ | घरजग्गा नामसारी/हकवाला प्रमाणित | ३०० | |
| ५ | घर कायम सिफारिस | कच्ची घर सडकले छोएको ६०० नछोएको ३००, पक्की घर सडकले छोएको १०००,नछोएको ६५० | |
| ६ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | १००० | |
| ७ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | २०० | |
| ८ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५०० | |
| ९ | निजी विद्यालय दर्ता र स्तर बृद्धि (मन्टेश्वरी/आ.वि./मा.वि.) | ३०००/८०००/१३००० | |
| १० | एम्बुलेन्स सेवा | गाउँपालिका क्षेत्रदेखि पोखरा रु १५००। र अन्यमा क्षेत्रमा कच्ची सडक प्रति कि.मी रु ५० र पक्की सडक प्रति कि.मी ४५ | |
| १० | काठ दाउराको सिफारिस | काठः २००० / दाउराः १५०० | |
| ११ | अंग्रेजी रुपान्तरण | ५०० | |
| १२ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | १००, प्रतिलिपीः १५० | |
| १३ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | ५०० | |
| १४ | नाम छूटको सिफारिस | १०० | |
| १५ | चार किल्ला प्रमाणित सिफारिस | ५०० | |
| १६ | सनाखतको सिफारिस | ३०० | |

| | | | |
|---|---|---|---|
| १७ | जन्म मृत्यू सम्बन्धी सिफारिस | १५० | |
| १८ | स्थायी बसोबास सम्बन्धी सिफारिस | १५० | |
| १९ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३०० | |
| २० | कन्सुलर प्रमाणित | ५०० | |
| २१ | सर्जमिन शूल्क | ५०० | |
| २२ | अमिन शूल्क | २००० प्रति कित्ता | |
| | | थप प्रति कित्ता १००० | |
| २३ | विद्यूत जडान सम्बन्धी सिफारिस | | |
| २३.१ | आर.सी.सी. पक्की घर | ३०० | |
| २३.२ | अन्य घर | २०० | |
| २४ | टेलिफोन जडान सम्बन्धी सिफारिस | ३०० | |
| २५ | निजी धारा जडान सम्बन्धी सिफारिस | ३०० | |
| २६ | चारित्रिक सिफारिस | ५०० | |
| २७ | प्लटिङ सेवा शूल्कः२ रोपनीसम्म, सो भन्दा माथि ५ रोपनीसम्म प्रति १ रोपनी र सोभन्दा बढी प्रति १ रोपनी | २५०००, १०००० र १५,००० | |
| २८ | घरेलु उद्योग स्थापना सिफारिस | ३०० | |
| २९ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | ५०० | |
| ३० | संस्थागत (मठ,मन्दिर,आमा समुह तथा अन्य संस्था नविकरण लगायतका सिफारिस | ३०० | |
| ३१ | शिक्षक सरुवा सहमति शुल्क | मा.बि. आ.तह २०००।- र १५००।- | |
| ३२ | कर्मचारी सरुवा सहमति शुल्क | अधिकृत स्तर २००० सहायक स्तर १५०० | |
| ३२ | विविध सिफारिस | २०० | |
| ३२ | कृषि तथा पशु फर्म दर्ता सिफरिस शुल्क | ३०० | |
| ३४ | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क | |
| ख) | अन्य दस्तुर | | |
| १ | निवेदन दस्तुर | १० | |
| २ | अनूसुची | १० | |

| | | | |
|---|---|---|---|
| ३ | निवेदन दर्ता शुल्क | १० | |
| ४ | भवन निर्माण दरखास्त फाराम | १०० | |
| ५ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तूर | ५०० | |
| ६ | जन्म, मृत, वसाईसराई र सम्बन्ध विच्छेद विलम्व दस्तूर | ५० | |
| ७ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | आयोगको निर्णयानुसार | |
| ८ | कोटेशन फाराम शुल्क | आर्थिक नियमावली अनूसार | |
| ९ | टेण्डर फाराम शुल्क | आर्थिक नियमावली अनूसार | |
| १० | निवेदन नक्कल प्रति पाना | कार्यालयले ७ आफैले ५ | |
| ११ | घरपालूवा कूकूर दर्ता र नवीकरण दस्तूर | १०० | |
| १२ | भरुवा बन्दूक नवीकरण दस्तूर | जिल्ला भर १००० राज्य २००० | |
| १३ | घर निर्माण नक्शाको नक्कल दस्तूर | ५०० | |
| १४ | मिलापत्र दस्तूर प्रति पक्ष | निशुल्क | |
| नोटः | आर्थिक सहायता, दीन दू:खी हरुको हकमा गाउँपालिकाको अध्यक्षको तोक आदेश अनूसार निशुल्क सेवा प्रदान गर्न सकिन्छ । | निशुल्क | |
| ग) | हैसियत प्रमाणित (ऋण र वैदेशिक रोजगारका लागि) | | |
| १. | रु.१ देखी १०लाखसम्म | १००० | |
| २. | रु.१०लाख १ देखी २० लाखसम्म | २००० | |
| ३. | रु.२० लाख १ देखी ३० लाखसम्म | ३००० | |
| ४. | रु.३० लाख १ देखी ४० लाखसम्म | ४००० | |
| ५ | रु.४० लाख १ देखी ५० लाखसम्म | ५००० | |
| ६ | रु.५० लाख भन्दा बढी प्रत्येक १० लाखमा | पचासलाख भन्दा बढि ०.०७ प्रतिशतले लिने | |
| घ) | अध्ययनको लागि | | |
| १ | रु.२० लाख सम्मको रु | १००० | |
| २ | रु.३० लाख सम्मको रु. | १५०० | |
| ३ | रु.५० लाख सम्मको रु. | २५०० | |

| | | | |
|---|---|---|---|
| ४ | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | पचासलाख भन्दा बढि ०.०५प्रतिशतले लिने | |
| ५ | अंशवण्डा र दानबकसमा | १५० | |
| **ङ)** | **स्थानीय तहको भु-सेवा केन्द्रले प्रदान गर्ने पब्लिक एक्सेस मोडुल सेवाको हकमा** | | |
| १ | जग्गा नामसारी | ५०० | |
| २ | दाखिला खारेज | ५०० | |
| ३ | संशोधन,प्रतिलिपी | १०० | |
| ४ | अंशबन्डा र अंश बुझेको भरपाई(कि.का.गर्नुनपर्नेको) | ५०० | |
| ५ | अंशबन्डा र अंश बुझेको भरपाई(कि.का.गर्नुपर्नेको) | १००० | |
| ६ | लिखत पारित(राजीनामा,सट्टापट्टा,संगोलमा दर्ताफोरी,छोडपत्र,बकदान,दानपत्र) कि.का.गर्नुनपर्नेमा | ५०० | |
| ७ | लिखत पारित(राजीनामा,सट्टापट्टा,संगोलमा दर्ताफोरी,छोडपत्र,बकदान,दानपत्र) कि.का.गर्नु पर्नेमा | १००० | |
| ८ | सवै किसिमका बन्धकी लिखत रोक्का,फुकुवा दुवै | २५० | |
| च) | गाउँपालिकाले तत्काल धितो मुल्यांकन गरेको सिफारिस र सम्पत्तिकर तथा अन्य विविध करको पूनः नवीकरण गर्नुपर्दा जून प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तूरको १० प्रतिशत राजश्व लिइनेछ । | | |

## अनुसूची -१२

(ऐनको दफा १४ सँग सम्वन्धित)

| | | |
|---|---|---|
| १ | प्रति पर्यटक स्वदेशी । विदेशी | रु ३०।५५ |

## अनुसूची -१३

(ऐनको दफा १५ सँग सम्वन्धित)

| सि. नं. | भौतिक संरचनाको विवरण | आव २०७६।७७ करको दर (प्रति व.फी.) ने.रु.मा |
|---|---|---|
| १. | **आर. सी. सी. फ्रेम स्ट्क्चर** | |
| क) | भुमिगत तला | ४ |
| ख) | भुई तला | ४ |
| ग) | पहिलो तला | ५ |
| घ) | दोश्रो तला | ६ |
| ङ) | तेश्रो तला र तेश्रो तला भन्दा माथी | ८ |
| २ | **सिमेन्टको जोडाईमा** इटा वा ढूंगाको गारो आर.सी.सी. स्लेट,टायल जस्तापाता छाना | ३ |
| ३. | **माटोको जोडाईमा** इटा वा ढूंगाको गारो आर.सी.सी.स्लेट,टायल, जस्तापाता छाना | २ |

**प्रमाणीकरण मिति: २०७७।०३।१२**

**सुधिर कुमार पौडेल**

**अध्यक्ष**